# प्रणालीगत र द्वन्द्वकालीन यौनजन्य हिंसाको बारेमा जानकारी संकलन र संकलित जानकारीको प्रयोगसम्बन्धी विश्वव्यापी आचार संहिता

***13 अप्रिल 2022***

## भूमिका

यो एक स्वैच्छिक आचार संहिता हो । यसले प्रणालीगत र द्वन्द्वकालीन यौनजन्य हिंसा ("SCRSV") को पीडित वा प्रभावित (हिंसा प्रभावित) को [i]जानकारी संकलन र प्रयोग गर्ने हालको न्यूनतम मापदण्ड निर्धारण गर्छ । [ii] यसले यस्तो जानकारीको अभिलेख राख्ने, अनुसन्धान गर्ने, रिपोर्ट गर्ने, सोध गर्ने, अनुगमन गर्ने र अन्य तरिकाले संकलन ("जम्मा") गर्ने व्यक्तिहरूलाई सम्बोधन गर्छ ।

यो संहिता अन्तर्राष्ट्रिय कानुन, हिंसा प्रभावितहरूका आधारभूत मानव अधिकारहरू, जस्तै, सम्मान, गोपनीयता, स्वास्थ्य, सुरक्षा, सत्य, प्रभावकारी उपचार तथा न्यायमा पहुँच जस्ता अधिकारहरूमा आधारित छ । यस अर्थमा, यो संहिताले सबै पक्षले सबै सन्दर्भमा प्रभावित-केन्द्रित विधि अपनाउँदा प्रयोग गर्नै पर्ने सर्वव्यापी र सम्झौता गर्न नमिल्ने मूल मान्यताहरूलाई दर्शाएको छ । यो संहिताले प्रणाली, नीति, कार्यविधि, करार र अभ्यासको क्रममा व्यक्ति तथा संस्थाहरूले आत्मसात गर्नु पर्ने मापदण्डहरू समेटेको छ ।

यो संहिता SCRSV सम्बन्धी जानकारी संकलन तथा प्रयोग गर्न अनुमति दिने वा प्रोत्साहित गर्ने दस्तावेज होइन । यसले विभिन्न क्षेत्रमा प्रयोग हुने महत्त्वपूर्ण प्राविधिक निर्देशिकाहरूका सारांश प्रयोग गर्ने वा तिनलाई प्रतिस्थापन गर्ने काम गर्दैन । यो संहिता प्रभावित-केन्द्रित भएर जिम्मेवारीका साथ काम गर्न दक्ष बनाउने छोटो सुत्र होइन ।

यो संहिता सामूहिकता जनाउने सर्वनाम "हामी" प्रयोग गरी बनाइएको छ, यसले थप सुरक्षित तथा प्रभावकारी प्रभावित-केन्द्रित अभ्यासहरू निर्माण गर्न र कायम राख्न मिलेर काम गर्ने हाम्रो स्वैच्छिक प्रतिबद्धतामा जोड दिन्छ । "हामी" सर्वनामको प्रयोगले "हाम्रो बारेमा, हामीबिना हुने कुनै पनि कुरा, हाम्रो लागि होइन" भन्ने महत्त्वपूर्ण सिद्धान्त जनाउँछ र प्रभावितहरूसँग मिलेर काम गर्न निर्देशित गर्छ, जसका आधारमा डकुमेन्ट्री बनाउने व्यक्ति, अभियन्ता, वकिल, स्वास्थ्यकर्मी, परामर्शदाताहरू आदि आफ्ना अधिकार तथा विकल्पहरू प्रवर्धन गर्ने काम गरिरहेका छन् । यो संहिता हरेक अवस्थाका हिंसा प्रभावितहरूलाई समेटेर व्यापक विश्वव्यापी छलफल प्रक्रियामार्फत विकास गरिएको हो । "हामी" सर्वनामले विभिन्न भूमिकामा रहेका व्यक्ति, टोली, सरोकारवाला तथा संस्थाहरूलाई जनाउँछ, जसमा सरकारी, अन्तर-सरकारी संस्थाहरू, नागरिक समाज र दाताहरू समेत पर्छन् ।

“हामी” धेरैजसो एक्लै काम गर्दैनौं, विभिन्न क्षेत्रमा लागू हुने साझा मापदण्डहरूले व्यक्ति, टोली, तथा संस्थाहरूलाई जिम्मेवारीपूर्वक एकै साथ काम गर्न सक्षम बनाउँछ ।

यो आचार संहिता निम्न कुराहरूमा लागू हुन्छः

- प्रभावितहरूलाई जुनसुकै रूपमा (डिजिटल, लिखित, मौखिक, श्रव्य-दृश्य, फोटोग्राफी समेतबाट) प्रत्यक्ष, अप्रत्यक्ष, व्यक्तिगत भेटघाटबाट तथा टाढाबाटै विभिन्न तरिकाले सम्पर्क गरी जानकारीहरू संकलन गर्न र ती जानकारी स्थान्तरण, हस्तान्तरण, आदानप्रदान, भण्डारण, प्रयोग वा प्रकाशन गर्न,
- SCRSV (फराकिलो र समावेशी तरिकाले परिभाषित) को हकमा तिनको प्रयोग गर्न,
- त्यस्ता जानकारी कुनै प्रयोजनका लागि हस्तान्तरण वा प्रकाशन गर्न, तर त्यसमा प्रभावितको तत्कालको सहायता तथा हेरचाह प्रयोजनका लागि गरिने जानकारी संकलन भने पर्दैनन् ।

तसर्थ यसलाई (तत्कालको सहायता तथा हेरचाह प्रयोजनका लागि बाहेक) त्यस्ता जानकारी संकलन गर्ने वा प्रकाशन गर्ने मानव अधिकारको अनुसन्धान गरिरहेका व्यक्ति, डकुमेन्ट्री बनाउने व्यक्ति, नियमनकर्ता तथा अभियन्ताहरूले प्रयोग गर्ने छन्, खुला स्रोतबाट आएका छानबिनकर्ता, आपराधिक क्रियाकलापको अनुसन्धान गरिरहेका व्यक्ति समेतले यसको प्रयोग गर्ने छन्, यसका अन्य प्रयोगकर्ता SCRSV का जानकारी खोज्ने, संकलन गर्ने तथा प्राप्त गर्ने अधिकारी तथा विज्ञहरू, बसाईसराई तथा शरणदाता अधिकारीहरू, चिकित्सकीय-कानुनी विज्ञहरू, पत्रकार, अनुसन्धाता, विश्लेषक, तथा समुदायमा आधारित सहायतासँग सम्बन्धित संस्थाहरू, प्रभावित समूहहरू, तथा मानवतावादी कार्यकर्ताहरू जस्ता व्यक्ति र समूहले लागू गर्ने छन् । त्यस्ता जानकारी संकलन गर्ने उद्देश्यले कर्मचारी नियुक्त गर्ने, व्यवस्थापन गर्ने, आर्थिक लगानी गर्ने र अन्य तरिकाले जानकारी संकलनलाई सहयोग र सहजीकरण गर्ने व्यक्तिहरू तथा नीति निर्माताहरूले पनि यसको प्रयोग गर्ने छन् । यो सम्पूर्ण प्रयोगकर्ता समेटिएको पूर्ण सूची भने होइन ।

SCRSV ले आफ्ना मापदण्ड र प्रभावितलाई थप हानी गर्ने सामाजिक व्यवहार र हेयभाव जस्ता यौनजन्य हिंसासँग सम्बन्धित कुराहरूको पहिचान र सुधार गर्नुपर्ने भएकाले यो सहिंताले SCRSV मा जोड दिन्छ । यद्यपि, संहितामा भएका धेरै मापदण्डहरू अन्य अपराध तथा मानव अधिकार हननका घटनाका प्रभावितहरूबाट वा उनीहरूबारे जानकारी संकलन तथा प्रयोगमा पनि उत्तिकै लागू हुन्छन् ।

"प्रभावित" भन्ने शब्दले सबै उमेरका प्रभावितहरूलाई जनाउँछ, जसमा वयस्क व्यक्तिहरू देखि बालबालिका (18 वर्ष मुनिका व्यक्तिहरू[iii]), र सबै लिङ्ग तथा पहिचान भएका व्यक्तिहरू समेत[iv] पर्छन् । SCRCV ले महिला तथा बालिकाहरूमा असमान रूपमा प्रभाव पार्छ (जसले निरन्तर र बृहत् रूपमा प्रणालीगत लैङ्गिक तथा अन्य असमानताको कारण उत्पन्न हिंसा भोग्ने गरेका छन्), यसले गर्दा उनीहरूको जीवनमा धेरैवटा हानिकारक नतिजाहरू देखिन्छन् र यसले हाम्रो काममा पनि असर पारेको छ । हामीले हाम्रो कामलाई अन्य पीडितहरूको हकमा पनि निर्देशित गर्नुपर्छ, जस्तै, अपाङ्गता भएका व्यक्तिहरू, LGBTQI+ समुदायका सदस्यहरू,[v] पुरुष तथा केटाहरू, र यी पहिचानहरू मिश्रित रूपमा अनुभव गर्ने व्यक्तिहरू ।

यो संहिताले प्रभावितहरूको व्यक्तिगत पहिचान यकिन गर्न, तिनका बारेमा उनीहरूका समूह हेरेर वा उनीहरूका पहिचानका एक पक्षमात्र हेरेर अनुमान नगर्न जोड दिन्छ ।[vi] उदाहरणको लागि, "बालबालिका" भन्ने समूहमा एकरूपता हुँदैन र त्यसले विभिन्न उमेर, परिपक्वता, उत्थानशिलता, शिक्षा, लैंगिकता, अन्य पहिचान तथा परिस्थिति भएका व्यक्तिहरूलाई समेटेको हुन्छ । प्रभावितका बलिया पक्ष, आवश्यकता तथा वास्तविक परिस्थितिहरू हेरेर हाम्रो काम गर्ने तरिका तयार गर्नाले बढी प्रभावकारी तथा पीडित/प्रभावित-केन्द्रित ढङ्गमा जानकारीको सङ्कलन गर्न र तिनको प्रयोग गर्न सकिन्छ ।

तयारी अनिवार्य छ । विशेष गरी हामीसँग आवश्यक प्रणाली, नीति, प्रक्रिया, जोखिम मूल्याङ्कन तथा योजनाहरू छैनन् भने, हामीले बिना योजना गरिने जानकारी संकलन तथा प्रयोगका काम गर्नु हुँदैन । प्रभावितको जानकारीमा हाम्रो अत्याधिक निर्भरतालाई पनि हामीले सम्बोधन गर्नुपर्छ । हामी सबैले प्रभावितबाट जानकारी लिनु आवश्यक भएको ठहर गरेको खण्डमा, हामीले उनीहरूमाथि धेरै माग र दबाब सिर्जना गरेर उनीहरूको जोखिम तथा पुनः आघातको सम्भावना बढाइदिन सक्छौं । प्रभावितमा हुनसक्ने जोखिम कम गर्न हामीले सम्भव भएसम्म SCRSV सम्बन्धी जानकारीहरू प्रभावितबाट नभएर अरू स्रोतहरूबाटै खोज्नुपर्छ (जस्तै, तथ्यसम्बन्धी साक्षीहरू तथा विज्ञका रिपोर्ट) ।

संहिताले देखाएअनुसार यदि सही ढङ्गले काम गर्ने हो भने, SCRSV का जानकारी सङ्कलन तथा प्रयोग गर्ने व्यक्ति पीडित/प्रभावित-केन्द्रित हुने वा प्रभावकारी हुने मध्ये एउटा विकल्प मात्र सम्भव हुन्छ भन्ने गलत बुझाइबाट जोगिन सक्छन् ।

यो संहिताका सिद्धान्त तथा प्रतिबद्धताहरू आपसमा जोडिएका, एकले अर्कोलाई सहयोग पुर्याउने खालका तथा महत्त्वपूर्ण छन् । संख्यात्मक क्रमले प्राथमिकता वा महत्त्वलाई जनाउँदैन ।

| विस्तृत सिद्धान्तहरू | | | |
|---|---|---|---|
| प्रभावितलाई व्यक्तिको रूपमा बुझ्नुहोस् | प्रभावितको नियन्त्रण तथा स्वन्त्रताको सम्मान गर्नुहोस् | जिम्मेवार बन्नुहोस् र ईमान्दारिता कायम राख्नुहोस् | महत्त्व बढाउनुहोस् वा काम नै नगर्नुहोस् |

| तयारीका सिद्धान्तहरू | | |
|---|---|---|
| तयारी नै जग हो | परिस्थितिहरू चिन्नुहोस् र बुझ्नुहोस् | प्रणाली, क्षमता तथा सहायताहरू बनाउनुहोस् |

| कार्यान्वयनका सिद्धान्तहरू | | |
|---|---|---|
| जानकारीहरू अन्य स्रोतबाट संकलन गर्नुहोस् | समय लिनुहोस्, आवश्यक स्थान दिनुहोस् | अन्तरक्रियाहरू सम्मानित तथा सुरक्षित हुने सुनिश्चित गर्नुहोस् |

**विस्तृत सिद्धान्तहरू**

*यी तयारी तथा कार्यान्वयनका सबै चरणमा लागू हुने विस्तृत सिद्धान्तहरू हुन् । यी सिद्धान्तहरूलाई संहिताका सबै सिद्धान्तहरूमा सामेल गर्नुपर्छ ।*

## सिद्धान्त 1. प्रभावितलाई व्यक्तिको रूपमा बुझ्नुहोस्

**1.1 प्रभावितको व्यक्तित्व अनुसार घुलमिल हुने:** हामी हरेक प्रभावित आफैँमा विशेष हुन्छन् भन्ने मान्यताअनुसार तिनको सम्मान गर्छौं । हामी हाम्रा व्यवहार गर्ने तरिकाहरूलाई उनीहरूका विशेष पहिचान, विशेषता, समूह तथा परिस्थितिहरू, जस्तै, उनीहरूको उमेर, लैंगिकता, विकास हुने क्षमताहरू, उत्थानशिलता, अरूसँग उनीहरूको सम्पर्क तथा सम्बन्ध, आर्थिक-सामाजिक तथा राजनैतिक स्थिति तथा उनीहरूले सामना

गरेका विभेदको आधारमा तय गर्छौं ।[6] ती कुराहरू समय र परिस्थितिअनुसार बदलिन्छन्, तसर्थ हाम्रा तरिकाहरू पनि तिनमा आउने बदलावसँगै बदल्नु पर्ने हुन सक्छ भन्ने कुरा हामीलाई थाहा छ ।

**1.2 वैकल्पिक अनुमानहरू:** हामी प्रभावितले गर्ने व्यवहार वा प्रतिक्रिया, जोखिम, आघात, उत्थानशिलता, लैंगिकता, अपाङ्गता, क्षमता, परिपक्वता, विश्वसनीयता, आवश्यकता वा सरोकार जस्ता तिनका अनुभवहरू वा पीडितका बारेमा कुनै पनि अनुमान वा सामान्यीकरण गर्ने छैनौँ ।

**1.3 प्रभावितलाई सोध्नुहोस्:** तयारी कार्यको प्रारम्भिक चरण समाप्त भएपछि हामी प्रभावितलाई र प्रभावित बालबालिकालाई समेत उनीहरू के चाहन्छन् भन्ने बारेमा, उनीहरूका प्राथमिकता, सरोकार, जोखिमहरू तथा वर्तमान स्थितिको बारेमा सोध्ने छौँ । हाम्रा कार्यादेश तथा स्रोतहरूले भ्याएसम्म हामी ती कुरालाई सम्मान र सम्बोधन गर्ने छौँ ।

**1.4 प्रभावितको सुरक्षालाई प्राथमिकता दिने**: हामी हाम्रा उद्देश्यहरूलाई भन्दा प्रभावितको सुरक्षा, सुस्वास्थ्य तथा मर्यादालाई प्राथमिकता दिने छौँ । हाम्रो सम्पर्कमा आउँदा प्रभावित तथा तिनको नजिकका व्यक्तिहरूमाथि आउन सक्ने सम्भावित जोखिम तथा नतिजा बुझ्ने कार्य हामी गर्ने छौँ । त्यस्ता जोखिमभित्र पुनः आघात हुन सक्ने, प्रतिशोधमा पर्न सक्ने, हेपिन सक्ने, भौतिक, अनलाइन, सूचना तथा सञ्चारसम्बन्धी सुरक्षा जोखिममा पर्न सक्ने र कानुनी जोखिमहरू हुन सक्छन् ।

**1.5 बढ्दो क्रममा रहेका जोखिमको पहिचान:** थप क्षति पुर्याउन सक्ने जोखिम बढेको अवस्थामा हामी थप, विशेष सावधानी अपनाउने छौँ । कुनै पनि व्यक्तिले उच्च जोखिमको सामना गर्न सक्छ, जुन समय र परिस्थितिअनुसार बदलिन सक्छ भन्ने हामीलाई थाहा छ । प्रभावित बालबालिका, साथै युद्धको समयमा जन्मेका बालबालिका तथा संरक्षकबिहिन बालबालिका, LGBTQI+ समुदायका व्यक्तिहरू, अपाङ्गता भएका वा सीमित साक्षरता भएका व्यक्तिहरू, आदिवासी तथा सीमान्तीकृत समूहका व्यक्तिहरू तथा अन्य व्यक्तिहरूमा जोखिमहरू बढ्दै जाने सम्भावना देखिन सक्छ ।[6]

**1.6 न्यायमा पहुँच पाउन सहायता**: हामी प्रभावितलाई प्रभावकारी निवारण, सत्य निरूपण, 'न्याय'मा पहुँच (पीडितले जुन किसिमले परिभाषित गरेको भएता पनि) र रुपान्तरणकारी परिपूरण जस्ता आफ्नो अधिकार प्रयोग गर्न (वा नगर्न) सहायता गर्ने छौँ । हामी प्रभावितका प्राथमिकताहरू, अघि बढ्ने वा अधिकार दाबी गर्ने क्षमता, वा जबाफदेहीता प्रक्रियाहरूमा सहभागी हुने (वा नहुने) निर्णयहरूमा नकारात्मक प्रभाव पार्दैनौं । रेकर्डहरू वा अन्तर्वार्ताका रिपोर्टहरूले प्रभावितलाई पछिका प्रक्रियाहरूमा फाइदा दिन सक्ने भए तापनि हामी तिनमा भएका उल्लेख्य जोखिमहरू कम गर्ने छौँ, किनभने अगाडि दिइएका अन्तर्वार्ताका विधि तथा रेकर्डहरू देखाएर पीडितले बोलेका कुरामा मेल नखाएको वा प्रभावितलाई गलत प्रभाव पारी बोल्न लगाइएको तर्क गर्न तिनको प्रयोग गरिन सक्छन् ।

**1.7 प्रभावितले तय गरेको आफ्नो पहिचानको सम्मान:** हामी प्रभावितको पहिचानको छनौट तथा अभिव्यक्तिको सम्मान गर्छौं र व्यवहारमा पनि देखाउँछौं (जस्तै, लैंगिकता, सर्वनाम, अपाङ्गता, तथा अन्य विशेषताहरू) र उनीहरूलाई चित्त नबुझ्ने गरेर, उत्तेजित पार्ने गरेर, सीमान्तीकृत गर्ने हिसाबले, कमजोर महसुस

गराउने गरी, जोखिममा पार्ने गरी वा अन्य हानी पुर्याउने गरी तिनको प्रयोग गर्ने वा वर्गीकरण गर्ने कार्य हुन दिने छैनौँ ।

**1.8 समावेशी रहने तथा विभेद नगर्ने:** हामी कुनै पनि भेदभावमा सामेल हुने वा विभेद सहने छैनौँ[6] हाम्रो कार्यमा सहयोग गर्ने व्यक्तिहरू ती कार्यमा सामेल पाइएमा हामी तिनीहरूप्रति समेत कठोर बन्ने छौँ । अत्याचार, सीमान्करण, बोल्ने क्षमता वा पहुँचको कमी वा पीडित भनेर बेवास्ता गरिएका कारण प्राय सामाजिक रूपमा अलग पारिएका वा बोल्न नसकेका व्यक्तिहरूका लागि[vii] उपयुक्त अनुकूलताको व्यवस्था मिलाउनुका साथै तिनको सहभागिता सुनिश्चित गर्न प्रयास गर्छौं ।

## सिद्धान्त 2. प्रभावितको नियन्त्रण तथा स्वन्त्रताको सम्मान गर्ने

**2.1 प्रभावितसँग बिना जानकारी अचानक भेट नगर्ने:** सम्भव भएसम्म हामी प्रचलनमा रहेका सुरक्षित माध्यम वा तोकिएका विधिहरू पालना गर्दै काम गर्छौं, वा प्रभावितले हामीसम्म आउने निर्णय गर्न वा तिनलाई हाम्रो सम्पर्कमा ल्याउनका लागि हामी सुरक्षित तरिकाहरू तयार गर्छौं । हामीलाई थाहा छ प्रभावितलाई हामी आफैँले भेट गर्यौं वा कुनै व्यक्ति मार्फत (प्रभावितले आफैँ हामीसँग भेट गर्ने निर्णय गर्न सक्ने गरी सुरक्षित तरिका निर्माण नगरेर) भेट गर्यौं भने, त्यसले उनको छनौटको स्वतन्त्रता कम गरेर क्षतिका जोखिम बढाउन र प्रभावितलाई सहकार्यका लागि दबाब दिन सक्छ ।

**2.2 प्रभावितका छनौटहरूको सम्मान गर्ने**: हामी हाम्रा अन्तरक्रियाका सबै पक्ष र सबै चरणहरूमा आधारभूत मान्यताको रूपमा प्रभावितका व्यक्तिगत छनौटको सम्मान गर्छौं । हाम्रो सहकार्य तथा उद्देश्य, हाम्रो काम गर्ने विधि, र उनीहरूका अधिकार, विकल्प तथा जोखिमहरू, साथै गोपनीयता तथा पहिचान गोप्य राख्ने कार्य, उनीहरूका जानकारीहरूको प्रयोग, सार्वजनिक गर्ने तरिका वा प्रकाशनबारे प्रभावितले पूरा, प्रष्ट र इमानदार रूपमा जानकारी पाउने कुरा हामी सुनिश्चित गर्ने छौँ । हामी बुझ्न सकिने र पहुँचयुक्त तरिकाले प्रभावितलाई यो जानकारी उपलब्ध गराउने छौँ र उनीहरूका हामीसँग अन्तरक्रिया गर्ने कि नगर्ने भन्ने निर्णयका बारेमा र कुन अवस्थामा अन्तरक्रिया गर्ने भन्ने बारेमा जानकारी गराउने छौँ । हामी प्रभावितसँग प्रष्ट रूपमा उनीहरूले हामीसँग गर्ने कुनै पनि अन्तरक्रिया रोक्न वा अन्त्य गर्न र कुनै प्रश्नको उत्तर नदिने निर्णय लिन पाउँछन् भन्ने कुराको जानकारी दिने छौँ । हामी प्रभावितको अन्तरक्रियामा सहभागी नहुने वा अन्तरक्रिया जारी नराख्ने निर्णयलाई सम्मान गर्छौं ।

**2.3 प्रभावितलाई आफ्ना जानकारीमाथि नियन्त्रण गर्न दिने**: हामी प्रभावितको गोपनीयताको अधिकारको सम्मान गर्छौं र त्यसलाई साथ दिन्छौं, हाम्रो बुझाई अनुसार त्यसमा उनीहरूका आफ्ना विगतका व्यक्तिगत विवरण, पहिचान र छवि समेत पर्छन् । हामी प्रभावितका व्यक्तिगत जानकारी वा तथ्याङ्कलाई (जुनसुकै स्वरूपमा भए पनि) गोपनीय मानेर तिनको सुरक्षा गर्छौं । उनीहरूलाई जानकारी गराएर सहमति नलिएसम्म हामी ती जानकारी प्रयोग गर्ने वा अरूलाई दिने काम गर्दैनौं ।

**2.4 निर्णय लिन सहयोग गर्ने**: प्रभावितको छनौट के हो भन्ने कुरा निर्धारण गर्दा हाम्रो दक्षता सीमित भएको खण्डमा, जस्तै, बौद्धिक वा बुझाइसम्बन्धी अपाङ्गता वा संवाद गर्ने चुनौती भएका अवस्थामा, हामी प्रभावितका

इच्छा तथा रोजाइका आधारमा प्रभावितको एजेन्सी तथा निर्णय प्रक्रियामा प्रभावितको सहभागितालाई सहयोग गर्नका लागि उपयुक्त अनुकूलता' गर्ने छौँ ।

**2.5 बालबालिकालाई निर्णय लिन सहयोग गर्ने प्रक्रिया**: हामी निर्णय लिने प्रक्रियामा बालबालिकाको सहभागिताको अधिकारको पक्षमा रहने छौँ । हामी बालबालिकाको सहभागी हुन सक्ने क्षमताको मूल्याङ्कन गर्न विज्ञ सहितको मूल्याङ्कन जाँच गर्ने छौँ (जसले उनीहरूको उमेर, परिपक्वता, विकास हुन सक्ने क्षमता, आघात तथा अनुभव, लैंगिकता तथा वातावरण/स्थिति) ध्यानमा राखेर मूल्याङ्कन गर्ने छ, यस क्रममा बालबालिकाका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा उल्लेख भएका चार निर्देशक सिद्धान्त पालना गरिने छ[viii] र कानुनले अभिभावकको भूमिकाको रूपमा के आवश्यक ठहर गर्न सक्छ भन्ने कुराको ज्ञान राखिने छ ।

**2.6 दबाबहरू कम गर्ने:** हामी प्रभावितलाई जानकारी दिन दबाब दिन सक्ने कुराहरूलाई कम गर्न सक्रिय रूपमा लाग्ने छौं । यस्ता कुराहरूमा वास्तविक वा अनुमानित शक्ति, हैसियत, लिङ्ग वा उमेरका असमानता, र सामाजिक आचरण, राजनीतिकरण, वा पारिवारिक तथा सामाजिक प्रभावहरू समेत पर्छन् (उनीहरूको समाजप्रति राखिने सरोकारहरूले प्रभावितहरूलाई सकारात्मक प्रोत्साहन दिने कुराको समेत ख्याल गरिनेछ) । हामी प्रभावितलाई बाध्य पार्न आफूसँग भएका कुनै पनि कानुनी शक्ति प्रयोग गर्ने छैनौँ, त्यसो गरियो भने त्यसले उनीहरूलाई क्षति पुर्याउन र कुनै पनि न्याय प्रक्रिया तथा नतिजामा असर पुर्याउन सक्छ ।

**2.7 जानकारी दिएबापत कुनै फाइदा हुने बाचा नगर्ने:** हामी प्रभावितलाई जानकारी दिन सहमत भएबापत कुनै पनि राहत, सहायता वा सुरक्षाको (प्रत्यक्ष वा अप्रत्यक्ष) वाचा गर्ने वा व्यवस्था गर्ने आस देखाउने छैनौँ । यद्यपि, हामी प्रभावितले हामीलाई जानकारी दिई सहयोग पुर्याउँदा लाग्ने आर्थिक वा अन्य किसिमका खर्चहरू हटाउने प्रयास गर्ने छौँ । हामी प्रभावितलाई दबाब दिन वा हामीसँग बोल्न बाध्य बनाउन प्रभावितको नजिकका कुनै पनि व्यक्तिबाट सहयोग लिनको लागि कुनै फाइदा दिने वा आर्थिक लाभ दिने कार्य गर्ने छैनौँ ।

**2.8 व्यवहारिक अपेक्षाहरू कायम राख्ने**: हामी प्रभावितलाई उनीहरूले दिएका जानकारी कुन तरिकाले प्रयोग हुन्छन् र तिनका अपेक्षित नतिजा के हुन्छन् भन्ने बारेमा इमानदारीका साथ यथार्थ जानकारीहरू दिने छौँ (यसमा ती नतिजाहरूलाई प्रभाव पार्न सक्ने बाह्य तत्त्वहरूको समेत जानकारी दिइने छ) । हामी प्रभावितसँग उनीहरूका के कस्ता अपेक्षा छन् भन्ने बारेमा छलफल गर्ने छौँ र उनीहरूलाई व्यवहारिक अपेक्षाहरूको आधारमा निर्णय लिन सहयोग गर्ने छौँ ।

**2.9 सीमाहरूप्रति प्रष्ट रहने:** हामी के गर्न सक्छौँ वा गर्न सक्दैनौं, केलाई सुरक्षा दिन सक्छौँ र केलाई सुरक्षा दिन सक्दैनौं र हाम्रा आफ्नै सीमा र पेसागत सीमा कहाँसम्म हुन् भन्ने कुरा प्रभावितलाई प्रष्ट र इमानदार तरिकाले बुझाउने छौँ । यदि हामी प्रभावितको चाहना पूरा गर्ने गरी हाम्रा तरिकाहरूलाई बदल्न सक्दैनौं भने, किन त्यसो गर्न सक्दैनौं भन्ने कुरा प्रभावितलाई बुझाउने छौँ । हामी प्रभावितहरूको जानकारी रिपोर्ट गर्न वा बताउन बाध्य हुने (जस्तै, प्रशासनमा अपराधको रिपोर्ट गर्ने कर्तव्य पालना गर्दा, ज्यान नै जोखिममा पर्ने अवस्थामा बचाउ वा प्रतिकार्य गर्ने क्रममा जानकारीको खुलासा गर्नुपर्ने) अवस्थामा, हामी प्रभावितसँग प्रत्यक्ष छलफल गर्छौँ र हामीलाई जानकारी उपलब्ध गराउन चाहन्छन् कि चाहन्नन् भन्ने सोचेर निर्णय गर्न समय र स्थान दिन्छौं ।

**2.10 सहमति फिर्ताको सम्मान गर्ने:** हामी प्रभावितहरूलाई प्रक्रियाको क्रममा वा पछि (कुनै पनि अन्तर्वार्ताको समयमा समेत) पनि सहमति फिर्ता लिने उनीहरूको अधिकारबारे र उनीहरूले त्यो फिर्ताको बारेमा हामीलाई कसरी सूचित गर्न सक्छन् भन्ने बारे सचेत गराउने छौं । सहमति फिर्ता लिएपछि प्रभावितको लागि हामी के गर्न सक्छौं र के कुरामा हाम्रो नियन्त्रण सीमित छ भन्ने बारे प्रष्ट पार्ने छौँ । सहमति फिर्ता भएमा, हामीले त्यसपछि गर्छौं भनेका कुराहरू गर्ने छौँ ।

## सिद्धान्त 3. जिम्मेवार बन्नुहोस् र ईमान्दारिता कायम राख्नुहोस्

**3.1 जानकारी सङ्कलकहरूका दायित्व:** प्रभावितको छनौटले जानकारी सङ्कलकहरूको जिम्मेवारीपूर्ण निर्णय गर्ने दायित्वलाई प्रतिस्थापन गर्दैन भन्ने कुरा हामीले बुझेका छौँ । हाम्रो आफ्नै दक्षता, सुरक्षा र अन्य जोखिमहरूको मूल्याङ्कन गर्दा, प्रभावित व्यक्ति ती जोखिमहरू स्वीकार गर्न तयार भएको अवस्थामा पनि हामीलाई संवाद अघि नबढाउने निर्णय गर्न बाध्य पार्न सक्ने परिस्थितिहरू उत्पन्न हुन सक्छन् भन्ने कुरा हामीले बुझेका छौँ । त्यस्ता परिस्थिति उत्पन्न हुँदा हामी प्रभावितसँग सम्पर्कमा रहेका छौँ भने हामी उनीहरूसँग हाम्रा सरोकार, कारण तथा अन्य कुनै विकल्पहरूको बारेमा छलफल गर्ने छौँ ।

**3.2 मर्यादा तथा सम्मान**: हामी प्रभावितहरूलाई मर्यादा, सम्मान, मानवता, शिष्टाचार, प्रशंसा सहित र निर्णयकर्ताहरूको रूपमा सहायता गर्ने छौं ।

**3.3 हीनताबोध नगराउने:** हामी आफूभन्दा बाहिरका दृष्टिकोण र अनुभवहरू बुझ्नमा हाम्रा आफ्नै कमजोरीहरू जाँच्ने र ती कमजोरीहरूको सामना गर्ने छौँ; जस्तै, हाम्रा आफ्नै पूर्वाग्रह, डर, आघात र कारकहरू; र यौनजन्य हिंसा र प्रभावितका सम्बन्धमा हाम्रा आफ्नै मनोवृत्ति, पूर्वाग्रह र धारणाहरू । हामी प्रभावितहरूलाई (हाम्रो लबज, शब्दहरू, शारीरिक भाषा वा अन्य कार्यहरू मार्फत) त्यस्ता कुनै सन्देश दिने छैनौँ जसले उनीहरूलाई दोष लगाउँछ, लाज लाग्छ, थप हानि पुर्याउँछ, सहि वा गलत भन्ने ठहर गर्छ, बेइज्जती गर्छ, हाम्रो कृपामा रहेको बोध गराउँछ, उपहास महसुस गराउँछ वा अनादर गर्छ । हामी यस्ता असर पुर्याउन सक्ने उनीहरूका कुनै पनि जानकारी प्रस्तुत वा प्रकाशित समेत गर्ने छैनौँ ।

**3.4 सटीकता सुनिश्चित गर्ने:** हामी सङ्कलन गरिएको जानकारी प्रतिको हाम्रो बुझाइ र हामीले गर्ने प्रस्तुति सही छ र यो गलत व्याख्या वा अनुमानबाट मुक्त छ भन्ने कुराको जाँच गर्ने छौँ । सम्भव भएसम्म हामी प्रभावित मार्फत जानकारीको सटीकता जाँच गर्ने छौँ र सच्याउन आवश्यक कुराहरू भएमा तिनलाई सच्याउने छौँ ।

**3.5 प्रभावितमाथि शोषण नगर्ने**: हामी प्रभावितलाई खोतलेर जानकारी लिने, कुनै कार्यको लागि औजारको रूपमा प्रयोग गर्ने, शोषण गर्ने, दुर्व्यवहार गर्ने, उत्पीडन गर्ने वा प्रभावित र उनीहरूको जानकारीबाट फाइदा लिने कार्य गर्ने छैनौँ । हामी कुनै पनि प्रकारले पुनः पीडित हुने, यौन शोषण वा दुर्व्यवहारमा पर्ने समस्या आउन नदिने र तिनको प्रतिकार्य गर्ने उपायहरू अपनाउने छौँ ।

**3.6 विश्वसनीय रहने**: हामीले पूरा गर्न नसक्ने वाचाहरू गर्ने छैनौँ । गोपनीयता लगायतका विश्वास तोड्ने कार्यले प्रभावितको सुरक्षा र सकुशलतामाथि व्यापक असर पार्छन्, साथै अरूप्रतिको विश्वसनीयतामा कमी र सहायतामा अवरोधहरू सिर्जना गर्छन् ।

**3.7 सम्भावित प्रमाण नष्ट नगर्ने**: कुनै प्रभावित व्यक्ति वा कुनै स्थानबाट सक्कली कागजात, भौतिक वस्तुहरू वा अन्य सम्भावित प्रमाणहरू हामीले लिने वा हटाउने छैनौँ, र यदि हामीलाई त्यसो गर्न भनिए पनि हामीसँग कार्यादेश भएमा, यदि गर्न आवश्यक छ भने, हामी सुरक्षित रूपमा गर्न सक्छौँ भने, त्यो काम गर्न हामीभन्दा उपयुक्त अवस्था वा भूमिकामा अन्य कोही छैनन् भने र हामीसँग त्यस्ता प्रमाणहरूको अखण्डताको व्यवस्थापन र सुरक्षा गर्ने क्षमता छ भने मात्र हामी त्यो कार्य गर्छौं ।

**3.8 जबाफदेही बन्ने**: हामी यस संहितामा प्रतिबिम्बित प्रतिबद्धताहरू प्रति पारदर्शी र जबाफदेही हुने छौं । यदि हामीले त्यसो गर्न सकेनौं भने त्यसले प्रभावित, उनको परिवार र समुदायलाई पुर्याउन सक्ने सम्भावित हानिको बारेमा हामीले बुझेका छौँ । हाम्रो कामको बारेमा अरूलाई समेत गुनासो गर्ने प्रभावितको अधिकारलाई हामी स्वीकार गर्छौं, र उनीहरूले हामीलाई सिधैँ गुनासो गर्न चाहेको बेला हामी उनीहरूका गुनासो सुन्ने छौँ । हामी हाम्रो कामलाई सुधार गर्न दिइने सुझावहरू प्रति खुला छौँ ।

## सिद्धान्त 4. महत्त्व बढाउनुहोस् वा काम नै नगर्नुहोस्

**4.1 जिम्मेवार निर्णय लिनुहोस्:** यो काम गर्नु पर्ने वा नपर्ने, कहिले र कसरी गर्ने भन्ने बारे जिम्मेवार निर्णयहरूमा सहायता पुर्याउन हामी यो सिद्धान्तका तत्त्वहरूको मूल्याङ्कन गर्ने छौं । हामीले बुझेका छौं कि हाम्रो आफ्नै आत्म-मूल्याङ्कनलाई समुदायमा आधारित सामाजिक कार्यकर्ताहरू र बाह्य विशेषज्ञहरू जस्ता अन्यसँग गरिने परामर्शले लाभ पुर्याउन सक्छन्, तिनले हाम्रो लक्षित काम र काम गर्ने विधिहरू सुरक्षित, प्रभावकारी र प्रभावितलाई महत्त्व थप्ने खालका छन् कि छैनन् भनी इमानदारीपूर्वक मूल्याङ्कन गर्न मद्दत गर्छन् भन्ने हामीले बुझेका छौँ ।

**4.2 हाम्रो भूमिका र उद्देश्य के हो?:** हामी हाम्रो उद्देश्य र भूमिकाको बारेमा; हाम्रो भूमिकाको सीमितता र सीमाहरूको बारेमा; हामी किन प्रभावितहरूबाट जानकारी सङ्कलन गर्न चाहन्छौं; हामीलाई वास्तवमा कसबाट र कुन स्वरूपमा जानकारी चाहिन्छ; हामी प्राप्त जानकारीको प्रयोग कसरी गर्न चाहन्छौं र कुन प्रयोजनका लागि हामी कसलाई ती जानकारीहरू उपलब्ध गराउन सक्छौँ भन्ने बारेमा इमानदार र प्रष्ट रहने छौँ ।

**4.3 कुनै वैकल्पिक स्रोतहरू उपलब्ध छन्?:** हामी SCRSV जानकारीका वैकल्पिक स्रोतहरू खोज्ने छौं र हाम्रो कार्यादेश वा उद्देश्य अनुसार हामीले प्रभावितहरूको अन्तर्वार्ता लिन वा उनीहरूबाट प्राप्त जानकारी प्रयोग गर्न आवश्यक छ कि छैन भनेर आफैँलाई सोध्ने छौँ । वैकल्पिक स्रोतहरू फेला पार्नाले, प्रभावितहरूबाट सिधैँ त्यस्तो जानकारी सङ्कलन गर्दा स्वयं प्रभावितहरू, उनीहरूका निकटका मानिसहरू र हामी आफैँलाई पनि हुन सक्ने सम्भावित जोखिमहरू हट्छ, प्रभावितहरूलाई दबाब हुँदैन र उनीहरूलाई हामीसँगको अन्तरक्रियामा भाग लिने वा नलिने कुराको निर्णय गर्न थप स्थान मिल्छ ।

**4.4 हाम्रा लक्षित नतिजाहरू यथार्थपरक छन्?:** हाम्रा स्रोत, समय र सीपले कुनै हानि नगरी स्वाभाविक रूपमा हाम्रो उद्देश्य प्राप्त गर्न सकिने भएको खण्डमा मात्रै हामीले यो काम गर्ने छौँ ।

**4.5 हामी महत्त्व थप गर्छौं?:** हाम्रा काम तथा क्रियाकलापले प्रभावितमा कस्ता महत्त्व थप्न वा फाइदा दिन सक्छ भन्ने कुरा हामी इमानदार भएर मूल्याङ्कन गर्छौं । हामी तिनको बारेमा प्रभावितसँग छलफल गर्छौं । हाम्रो कामले प्रभावितमा त्यस्ता महत्त्व थप्न वा फाइदा दिन सक्छ भने मात्र हाम्रो संवाद कार्यलाई अघि बढाउने छौँ । हाम्रो

कामले आफ्नो परिवार, समुदाय तथा समूहमा थप्ने महत्त्व वा फाइदाका कारण केही प्रभावितहरू प्रोत्साहित हुन्छन् भन्ने कुरा हामीले बुझेका छौँ ।

**4.6 जोखिमको तुलनामा हामीले थप गरेका महत्त्वको मूल्याङ्कन गर्ने:** हाम्रो कामले प्रभावितमा थप गर्ने सम्भावित महत्त्व र जोखिमबारेको बुझाइलाई हामी होसियारीका साथ दाँजेर हेर्ने छौँ । हामी जोखिम कम गर्ने र उद्देश्य हासिल गर्नका लागि उपयुक्त हुने लचिलो विधिहरू डिजाइन गर्ने छौँ ।

**4.7 गलत अभ्यासलाई प्रोत्साहित गर्ने कुराहरूलाई चुनौती दिने:** हामीले सुरक्षित, प्रभावकारी र नैतिक रूपमा काम गर्न नसक्ने अवस्थामा पनि प्रक्रिया अघि बढाउन प्रोत्साहित गर्ने कुनै पनि दबाब वा औचित्यको 'अत्यावश्यकता', 'सार्वजनिक हित', संख्यात्मक लक्ष्यहरू, 'रोकथाम' वा अन्य कुनै पनि त्यस्ता उद्देश्य विद्यमान छन् कि भनेर आलोचनात्मक परीक्षण गर्ने छौँ ।

**4.8 थप पीडित बनाउन सक्ने जोखिम कम गर्ने:** हामी प्रभावितलाई यसअघि उनीहरूले दिएका अन्तर्वार्ता वा जानकारी आदानप्रदानबारे सोध्ने छौँ र यस प्रक्रियामा अघि बढ्दा आउन सक्ने जोखिम तथा वैकल्पिक उपायहरूको बारेमा प्रभावितसँग छलफल गर्ने छौँ । त्यस्ता जोखिमहरूमा आफ्ना अनुभव बताउने क्रममा एक अर्कामा मेल नखाने विवरणहरू आउन सक्ने र तिनले न्यायमा पहुँच पाउने प्रभावितको अधिकारलाई हानि पुऱ्याउन सक्ने, र आघात दोहोरिन सक्ने जोखिम हुने, गोप्यता गुम्न सक्ने र प्रभावितमा हीनताबोध हुन सक्ने जस्ता थप जोखिम निम्त्याउन सक्ने कुराहरू पर्छन् । विकल्पको रूपमा वा पुन: अन्तर्वार्ता लिनुको साटो, कुनै पनि पूर्व कथनहरूमा प्रभावितको पहुँच छ कि भन्ने बारेमा हामी छलफल गर्ने छौं । यदि प्रभावित व्यक्तिले अन्तर्वार्ता दिन चाहेको खण्डमा, पुन: अन्तर्वार्ताले ल्याउन सक्ने जोखिमलाई हामी अग्रसक्रिय रूपमा कम गर्ने छौँ ।

**4.9 जानकारी आदानप्रदान**: प्रत्यक्ष संलग्नताबाट हुन सक्ने थप आघात वा अन्य जोखिमहरूबाट जोगिनको लागि वा जानकारी सङ्कलन कार्यको अनावश्यक दोहोरोपनाबाट जोगाउनका लागि हामी उनीहरूको जानकारी अन्य विश्वसनीय कार्यकर्तासँग बाँड्न सक्छौं कि भनेर हामी प्रभावितहरूसँग छलफल गर्ने छौं । आफ्नो जानकारी बाँड्नेबारे प्रभावित व्यक्तिले गर्ने कुनै पनि निर्णय सूचित सहमतिमा आधारित भएको, जोखिम मूल्याङ्कनको सहायतामा त्यसका असरबारे पीडितलाई सूचित गरिएको र सुरक्षित तथा प्रभावकारी रूपमा र प्रभावितकै इच्छा अनुसार लागू गरिएको छ भन्ने कुरा हामी सुनिश्चित गर्ने छौँ ।

**4.10 तथ्याङ्कहरू घटाउने:** स्पष्ट उद्देश्य हासिल गर्नका लागि उचित छ भने, त्यो उद्देश्य हासिल गर्न आवश्यक छ र त्यो उद्देश्य पूरा गर्ने क्षमताको लागि सहयोगी छ, र यदि हामी त्यो जानकारी सुरक्षित राख्न सक्छौं भने मात्र प्रभावितका डिजिटल जानकारी समेतका व्यक्तिगत जानकारी हामी सङ्कलन, भण्डारण र प्रयोग गर्ने छौँ ।

**तयारीका सिद्धान्तहरू**

*यी सिद्धान्तहरू सूचना सङ्कलन अघि तयारी चरणमा लागू गरिनुपर्छ, र कार्यान्वयन चरणहरूमा समीक्षा गरिनुपर्छ । यद्यपि, यी सिद्धान्तहरूलाई अरू सबै सिद्धान्तहरूमा सामेल गर्नुपर्छ ।*

## सिद्धान्त 5. तयारी नै जग हो

**5.1 पहिला तयारी गर्ने**: हामी राम्ररी योजना बनाउने र जोखिम मूल्याङ्कन गर्ने काम गर्ने छौं, र जानकारी सङ्कलन गर्न सुरु गर्नु अघि आवश्यक ज्ञान, क्षमता, टोली, नीतिहरू र प्रक्रियाहरू हामीसँग छन् भन्ने कुराको यकिन गर्छौं, हामी विशेष गरी प्रभावितसँग कुनै पनि प्रकारले संलग्न हुनु अघि यी कुरा सुनिश्चित गर्ने छौँ । प्रभावितका अधिकारहरूको सम्मान गर्न र सुरक्षित, पहुँचयुक्त, नैतिकतापूर्ण र प्रभावकारी परिणाम हासिल गर्नका लागि यो महत्त्वपूर्ण आधार हो ।

**5.2 प्रभावितले छनौट गर्न सक्ने गरी लचकता सुनिश्चित गर्ने:** प्रभावितहरूले हामीसँग कसरी, कहाँ, र कोसँग (लिङ्ग, उमेर, सम्बद्धता, इत्यादि) संलग्न हुने भन्ने बारे उनीहरूको रोजाइलाई सम्भव बनाउन हामी सकेसम्म लचिलो विधि र टोलीको निर्माण गर्ने छौं ।

**5.3 जोखिमको मूल्याङ्कन गरी तिनलाई कम गर्ने**: परिस्थितिको ज्ञान र बुझाइको आधारमा हामी सबै संलग्न व्यक्तिहरू, जस्तै, हरेक प्रभावित व्यक्ति, उनीहरूको परिवार र समुदायहरू, हामी स्वयं र प्रक्रियामा संलग्न अन्यहरूका लागि हुन सक्ने सम्भावित जोखिमहरूको पहिचान तथा मूल्याङ्कन गर्ने छौं । हामी गोपनीयता, सुरक्षा, सकुशलता, सामाजिक असर र हेयभाव, र कानुनी अधिकारहरू जस्ता व्यक्ति र परिस्थितिहरूका लागि सामान्य र विशिष्ट जोखिमहरूको मूल्याङ्कन गर्ने छौं ।[६] लैंगिकता, बालबालिका र संचार, तथ्यांक, भौतिक र अन्य सुरक्षा जस्ता पक्षहरूमा दक्ष व्यक्तिहरूद्वारा यो प्रक्रिया निर्देशित गरिनु पर्छ भन्ने कुरामा हामी विश्वास गर्छौं । यदि हामीले प्रभावित व्यक्तिहरूसँग काम गर्न सुरु गर्यौं भने, हामी उनीहरूका जोखिमबारे प्रभावितका रायसुझाव पनि लिने छौँ । यदि जोखिमहरूलाई उचित रूपमा न्यूनीकरण गर्न सकिएन भने हामी अन्तरक्रिया प्रक्रियामा अगाडि बढ्ने छैनौँ । यो मूल्याङ्कन र जोखिम न्यूनीकरणका उपायहरूले हाम्रो कामका हरेक पक्षलाई मार्गदर्शन गर्नेछन् । हामी आवश्यकता अनुसार मूल्याङ्कनको समीक्षा बारम्बार गर्ने छौँ ।

**5.4 टाढाबाट गरिने अन्तरक्रियाहरू:** प्रभावितहरूसँग अनलाइन र टाढाबाट अन्तरक्रिया गर्यौं भने त्यसले निम्त्याउन सक्ने विशेष चुनौतीहरू र जोखिमहरू हामीले बुझेको कुरा सुनिश्चित गर्ने छौँ । यसमा तयारीसम्बन्धी; संचार र सूचनाको सुरक्षासम्बन्धी; प्रविधिमा प्रभावितको पहुँचसम्बन्धी; समन्वयकर्ता र दोभाषेहरू सहित प्रभावित रहेका स्थानबाट हामीलाई सहयोग गर्नेहरूको पुष्टि; प्रभावितको सकुशलता र सहजताको अवस्थाको निगरानी; र प्रभावित रहेको स्थानमा सुरक्षित आपतकालीन प्रतिकार्य प्रणालीहरूको सुनिश्चितता जस्ता चुनौतीहरू समावेश हुन्छन् । प्रभावितहरूसँग टाढाबाट लिइने अन्तर्वार्तामा गम्भीर जोखिमहरू हुन सक्छन् र प्रभावित तथा बालबालिकाहरू समेतले क्षतिको उच्च जोखिमको सामना गर्नु पर्ने हुन सक्छ भन्ने कुरा हामी स्वीकार गर्छौं । यदि हामीले त्यस्ता चुनौती र जोखिमहरूलाई उचित रूपमा सम्बोधन गर्न सकेनौं भने, हामी टाढाबाट गरिने अन्तरक्रियाहरू अगाडि बढाउने छैनौँ ।

**5.5 अन्य कसले जानकारी संकलन गरिरहेका छन् भन्ने कुरा थाहा पाउने**: हाम्रो काम अझै पनि आवश्यक छ कि छैन र यसले कुनै महत्त्व थप्न सक्छ कि सक्दैन भन्ने विचार गर्न र समन्वय तथा सहकार्यको आधारको रूपमा पनि, हामी अरू कसले प्रभावितहरूबाट वा उनीहरूको बारेमा र कुन उद्देश्यका लागि जानकारी सङ्कलन गर्दैछ भन्ने बारेमा बुझ्ने छौँ ।

**5.6 उपलब्ध सहायताको बारेमा थाहा पाउने**: हामी प्रभावितको सहायताको लागि सेवाहरू, पहुँच हुन सक्ने ठाउँहरू र प्रभावित समूहहरू र (औपचारिक र अनौपचारिक) सामाजिक कार्यकर्ताहरूको पहिचान गर्ने छौं, साथै न्यूनतम रूपमा पनि उनीहरूलाई आवश्यक पर्ने चिकित्सा, मनो-सामाजिक परामर्श, संरक्षण, प्रभावित पैरविकर्ता र अन्य कानुनी सेवाहरू समेतको पहिचान गर्ने छौँ । उपलब्ध भएको खण्डमा हामी त्यस्ता कार्यकर्ता तथा पहुँच हुन सक्ने स्थानहरूको हालको सूचीलाई ख्याल गर्ने छौँ ('म्यापिङ'/नक्शांकन') । हामी यी कुराहरू विभिन्न उमेर, अपाङ्गता, लिङ्ग, आदिका प्रभावितहरूका लागि पहुँचयुक्त, सुरक्षित, गोपनीय, प्रभावकारी र उपयुक्त छन् कि छैनन् भनेर मूल्याङ्कन गर्ने छौं । प्रभावितहरूलाई सहायतामा पहुँच पाउने क्रममा हुने बाधाहरूको हामी सम्भव भएसम्म पहिचान गर्ने छौं र तिनलाई कम गर्ने छौं ।

**5.7 समन्वय र सहकार्य गर्ने**: हामीले हाम्रो कामको समग्र प्रभावबाट उत्पन्न हुने थप हानि, प्रभावितहरूको जोखिम बढ्न सक्ने अवस्था र उनीहरूका अधिकारमा पर्न सक्ने नकारात्मक असरहरू रोक्नको लागि बहु-क्षेत्रीय समन्वय र सहयोगको महत्त्व बुझेका छौँ । उपयुक्तता अनुसार, हामी मानवीय कार्यकर्ताहरू र समुदायमा आधारित संस्थाहरू लगायत समान मुद्दाहरूमा काम गर्ने अन्यसँग मिलेर सुरक्षित रूपमा काम गर्ने वा एक अर्काको कामको अवमुल्यन हुने जोखिमहरू कम गर्ने तरिकाहरू खोज्नका लागि भेटघाट गर्ने छौँ ।

**5.8 अप्रत्याशित खुलासाको लागि तयार रहने**: हामीले अपेक्षा नगरेको वा सोध्ने मनसाय नभएको अवस्थामा कुनै व्यक्तिले यौनजन्य हिंसाको बारेमा जानकारी खुलासा गर्न सक्छ भन्ने कुरा हामीले बुझेका छौँ । हामी त्यो सम्भावनाका लागि तयार रहने छौँ ।

**5.9 फलोअप सक्रिय बनाउने**: प्रभावितहरू र जानकारी सङ्कलनकर्ताहरू बीचको अन्तरक्रिया पछिको संचार पनि विभिन्न कारणले महत्त्वपूर्ण हुन सक्छ, जस्तै, कुनै पनि सुरक्षासम्बन्धी चिन्ताहरूको बारेमा कुरा गर्न, सहमति फिर्ता लिन वा नवीकरण गर्न र प्रगति र परिणामहरूको बारेमा प्रभावितहरूलाई प्रतिक्रिया दिन । हामी संचारको तरिका प्रभावकारी र सुरक्षित बनाउन प्रयास गर्ने छौँ । यदि हामीले त्यसो गर्न सकेनौं भने किन सकेनौं भनेर प्रभावितसँग अगाडि नै छलफल गर्ने छौँ । बालबालिका प्रभावितको सवालमा हामी सम्भव भएसम्म बाल संरक्षण विशेषज्ञको सहयोगमा बच्चाको हेरचाहकर्तासँग सम्पर्क कायम राख्न विशेष उपायहरू अवलम्बन गर्ने छौँ ।

**5.10 आफ्नो टोली र साझेदारहरूलाई ब्रिफिङ गर्ने**: हामी हाम्रो टोली र हाम्रो तर्फबाट काम गर्नेहरू (कुनै पनि साझेदारहरू सहित) सबैलाई हाम्रा तयारीहरूका बारेमा र यो संहिता पालना गर्ने सुरक्षित, नैतिक र प्रभावकारी प्रक्रियाहरूका बारेमा संक्षिप्त निर्देशन दिएर त्यसको अनुगमन गर्ने छौँ ।

## सिद्धान्त 6. परिस्थितिहरू चिन्नुहोस् र तिनलाई बुझ्नुहोस्

**6.1 परिस्थिति चिन्नुहोस्**: हाम्रो टोली र हाम्रो तर्फबाट काम गर्नेहरूले SCRSV को घटना घटेको परिवेशलाई राम्रोसँग बुझेको आधारमा र प्रभावित वरिपरिको तत्कालको वातावरण राम्ररी बुझेर काम गर्ने छन् भन्ने कुरा हामी सुनिश्चित गर्ने छौँ । यस सिद्धान्तमा भएका तत्त्वहरूले प्रभावित, उनीहरूको परिवार र समुदाय र हाम्रो काममाथि पार्न सक्ने सकारात्मक र नकारात्मक, प्रत्यक्ष र अप्रत्यक्ष असरहरूको हामी पहिचान गर्ने छौं, र यसरी प्राप्त हुने ज्ञानले हाम्रो तयारी र हामीले गर्ने कामलाई निर्देशित गर्ने सुनिश्चित गर्ने छौँ ।

**6.2 संस्कृतिको बारेमा बुझ्नुहोस्**: हामी सान्दर्भिक सांस्कृतिक र सामाजिक प्रचलनहरू, मनोवृत्ति, परम्पराहरू, रीतिरिवाज र चलनहरू, साथै बालबालिका, उनीहरूको निर्णय लिने क्षमता र वयस्क हुने उमेरको बारेमा अवधारणाको पहिचान गर्ने छौँ ।

**6.3 लैंगिकताको बारेमा बुझ्नुहोस्:** हामी लैङ्गिक गतिशीलता, मापदण्डहरू, हिंसा र असमानताहरूको मूल्याङ्कन गर्ने छौं, र तिनीहरूले कसरी प्रभावितलाई पुनः पीडित हुन सक्ने जोखिम पैदा गर्छन् र प्रभावितको सहायता तथा अन्य अधिकारमा अवरोधहरू सिर्जना गर्छन् भन्ने कुरा बुझ्ने छौँ ।

**6.4 SCRSV तथा प्रभावितहरू प्रतिको सङ्कोच/हेयभाव बुझ्नुहोस्:** हामी यौनजन्य हिंसा र प्रभावितहरूको सम्बन्धमा समुदायहरूमा भएका हानिकारक गलत बुझाई, धारणा, मनोवृत्ति र व्यवहार ('स्टिग्मा' भनेर समेत बुझिने) को पहिचान गरी, तिनका जोखिम मूल्याङ्कन र तिनको न्यूनीकरण गर्ने छौँ ।

**6.5 सामुदायिक गतिशीलताको पहिचान गर्नुहोस्:** हामी प्रभावितहरूको निकटका समूहहरूमा विद्यमान शक्ति संरचना, स्रोतहरूको लागि प्रतिस्पर्धा, न्यायको राजनीतिकरण, मध्यस्थ प्रेरणाहरू, नियन्त्रकहरू (जसले प्रभावितसम्मका पहुँचलाई नियन्त्रण गर्न वा प्रभाव पार्न सक्छन्), सबल बनाउन प्रभाव पार्ने कुराहरू, र प्रभावितहरूलाई र उनीहरूको परिवारलाई चुप लाग्न, दबाब दिन वा क्षति पुर्याउन सक्ने उत्प्रेरकहरू जस्ता समूहभित्रका गतिशीलताको विश्लेषण गर्ने छौं ।

**6.6 व्यक्तिगत, मिश्रित र सामूहिक हानिहरू पहिचान गर्ने:** हामी SCRSV का कारण व्यक्तिहरूलाई र सामूहिक रूपमा परिवार र समुदाय जस्ता समूहहरूलाई हुन सक्ने विभिन्न अन्तरसम्बन्धित हानिहरू र भेदभावका विभिन्न स्वरूपहरूले कसरी ती हानिहरूलाई थप जटिल बनाउँछन् भन्ने विश्लेषण गर्ने छौं ।[६]

**6.7 कानुन तथा प्रचलनहरू थाहा पाउने**: हामी सान्दर्भिक औपचारिक र अनौपचारिक कानुन तथा अभ्यासहरू (पुर्ख्यौली प्रणालीहरू समेत) सँग आफूलाई परिचित बनाउने छौँ । त्यस्ता कानुन तथा अभ्यासहरूले प्रभावितहरूका लागि कानुनी सहारा उपलब्ध गराउने, भेदभाव गर्ने वा भेदभावलाई प्रशय दिने, घटनाका लागि प्रभावितलाई अपराधीकरण गर्ने, प्रभावितलाई अपराधको पीडितको रूपमा पहिचान गर्न नसक्ने, वा अपराधको बारेमा हामीले अधिकारीहरूलाई जानकारी गराउनु पर्ने कानुनी बाध्यता हुने जस्ता अवस्था सिर्जना गर्न सक्छन् । हामी यी कुराहरूको बारेमा प्रभावितसँग उनीहरूले आफ्ना अनुभवहरू हामीलाई बताउनु अघि छलफल गर्ने छौँ, ताकि उनीहरूले अघि बढ्ने वा नबढ्ने, र कसरी अघि बढ्ने भन्ने कुराको बारेमा सोच्न सकुन् ।

**6.8 उपयुक्त संचार तथा अन्तरक्रियाको बारेमा बुझ्ने**: हामी लैंगिकता, उमेर, अपाङ्गता, सामाजिक, सांस्कृतिक परिवेश र परिस्थिति प्रतिको संवेदनशीलता र सम्मान कायम गर्दै ती सन्दर्भमा हाम्रो संचार र अन्तरक्रियाका सबै स्वरूपहरूको महत्त्व र प्रभाव बुझेर काम गर्ने छौँ । हामीले संचारका समावेशी र हानिरहित स्वरूपहरू पहिचान तथा प्रयोग गर्ने छौं, जसले प्रभावितका पहिचानलाई प्रतिबिम्बित गर्दछ, र हानिरहित सामाजिक मान्यता र अभ्यासहरूलाई सम्मान गर्दछ । हामी सांस्कृतिक र सञ्चारका अन्य पक्षहरू, जस्तै, शिष्ट व्यवहार, अपमानजनक शब्दहरू, चलनचल्तीका अभिव्यक्ति र पदावलीहरू र SCRSV वा प्रभावितसँग सम्बन्धित भाषामा हुने अन्तरहरू लगायतलाई बुझ्ने प्रयास गर्ने छौँ ।

**6.9 नकारात्मक नतिजाहरू कम गर्ने**: हामी समुदाय भित्र हाम्रो कामबाट हुन सक्ने कुनै पनि नकारात्मक असरहरूका जोखिम पहिचान गरेर तिनको न्यूनीकरण गर्ने छौं ।

**6.10 समुदायमा आधारित दिगो सहायता**: हामीले प्रभावितका लागि सहायताको निरन्तरता दिन, विश्वसनीय सम्बन्धहरू निर्माण गर्न, प्रभावितको सशक्तिकरण गर्न र प्रभावितप्रति समुदायमा रहेको नकारात्मक धारणाको सम्बोधन गर्नका लागि समुदायमा आधारित विश्वसनीय समूहहरू र सहायता प्रणालीहरूको महत्त्वपूर्ण भूमिका रहने कुरा बुझेका छौँ । त्यस्ता समूहहरूमा प्रभावितहरूका सञ्जालहरू, महिला संगठनहरू, LGBTQI+ संस्थाहरू, बालबालिकाका लागि काम गर्ने संस्थाहरू, र अपाङ्गता भएका व्यक्तिहरूका लागि काम गर्ने संस्थाहरू समावेश हुन सक्छन् । उपयुक्तता अनुसार, हामी त्यस्ता समूहहरूसँग काम गर्ने प्रयास गर्ने छौं ।

## सिद्धान्त 7. प्रणाली, क्षमता तथा सहायताहरू बनाउनुहोस्

**7.1 संस्थागत जिम्मेवारी र सहायता:** हामी यो काम एक्लै गरिरहेका छैनौँ भन्ने कुरा हामीले बुझेका छौँ । हामी मध्ये धेरैजसो कुनै न कुनै संस्थामा वा संस्थाका लागि काम गर्छौं । हामी ती संस्थाहरूमा यो संहिता नेतृत्व र प्रतिबद्धता, नीतिहरू, प्रक्रियाहरू र संसाधनहरू, सल्लाहकारहरूको सम्बन्ध जस्ता माध्यमबाट लागू गर्ने छौं ।

**7.2 स्वतन्त्र कर्ताको रूपमा जिम्मेवारीपूर्वक काम गर्ने**: हामी स्वतन्त्र रूपमा काम गरिरहेको र संस्थागत सहायतामा निर्भर हुन नसक्ने अवस्थामा, उपलब्ध सुरक्षित सहायता प्रणाली र पूर्वाधारहरूले, र यस संहिता अन्तर्गतका हाम्रा प्रतिबद्धतासँग समान सोच राख्ने व्यक्ति तथा साझेदारहरूले हाम्रो कामलाई समर्थन गर्नेछन् भन्ने कुरा सुनिश्चित गर्न प्रयास गर्ने छौँ ।

**7.3 सही टोली तथा सहकर्मीहरू छनौट गर्ने**: हामी एउटा टोली (दोभाषे, समन्वयकर्ता, गाईड, फिक्सर सहितको) बनाउने छौं र यस संहिताप्रतिको हाम्रो प्रतिबद्धताबारे समान सोच राख्ने साझेदारहरू र हाम्रो तर्फबाट काम गर्ने अन्य व्यक्तिहरू छनौट गर्ने छौँ । यी छनौटहरूमा विविधता, प्रतिनिधित्व, गोपनीयता, सुरक्षा र लचिलोपनसम्बन्धी प्रभावहरूलाई पनि हामी विचार गर्ने छौँ ।

**7.4 उपयुक्त योग्यता बनाउने**: हामीसँग हाम्रो टोलीका लागि आवश्यक ज्ञान, प्रमाणित दक्षता र पूरै टोलीमा काम गर्ने सीप र मनसाय भएमा मात्र हामी यो काम गर्ने छौँ । ती दक्षताहरूमा यौनजन्य हिंसा र प्रभावितहरूप्रतिको हेयभाव बारे संवेदनशीलता; लैंगिकता, विविधता र परिस्थितिबारे बुझाई; विभिन्न लैंगिकता, अपाङ्गता र उमेरका मानिसहरूसँग काम गरेको अनुभव; जानकारी दिएर सहमति लिने र प्रेषणसम्बन्धी आधारभूत दक्षता; जोखिम पहिचान; बालबालिकासँग र टाढाबाट लिने अन्तर्वार्ता लगायतमा सुरक्षित संचार गर्ने र अन्तर्वार्ता लिने सीप; आघात सम्बन्धी सचेतना र बुझाइ; तथा सङ्कलित जानकारीको सुरक्षा र संरक्षण गर्ने क्षमता समावेश छन् । हाम्रो कार्यलाई सुरक्षित र प्रभावकारी बनाउने यी सीप र ज्ञानलाई हाम्रो लक्षित उद्देश्य प्राप्तिका लागि हामी अद्यावधिक राख्ने छौँ ।

**7.5 हाम्रा सीमाहरूको पहिचान गर्ने**: सबै मानिसमा आफ्नो अनुभव, विज्ञता र दृष्टिकोण साथै आफ्नो भूमिका वा कार्यदिशको सीमा हुन्छ भन्ने कुरा हामीले स्वीकार गरेका छौँ । हामी इमानदारीपूर्वक हाम्रो ज्ञान, विज्ञता र

बुझाइको बारेमा समीक्षा गरेर त्यस सीमा भित्र रहने छौं । हाम्रा सीमाहरू भन्दा बाहिरका विषयमा, हामी आघात, सुरक्षा र बाल विशेषज्ञहरू जस्ता अरू व्यक्तिहरूसँग परामर्श लिने र उनीहरूसँग मिलेर काम गर्ने छौँ ।

**7.6 प्रभावित बालबालिकासँग लिइने अन्तर्वार्ताहरू**: बालबालिकासँग लिइने असुरक्षित र प्रभावहीन अन्तर्वार्ताले जोखिम बढाउने कुरालाई ध्यानमा राख्दै, हामीसँग बालबालिकासँग (उनीहरूको उमेर, विकासक्रम, क्षमता, लिङ्ग र आवश्यकताहरू ख्याल गरेर तिनमा तालमेल मिल्ने गरी)काम गर्ने क्षमता, सीप र अनुभव छ र तिनको प्रयोग गरेका छौं भने मात्र हामी प्रभावित बालबालिकाको अन्तर्वार्ता लिने छौँ । यदि हामीसँग हाम्रो टोलीमा यी दक्षताहरू छैनन् भने, हामी ती दक्षताहरू हासिल गर्न वा ती दक्षता भएका अन्य व्यक्ति पहिचान गर्ने प्रयास गर्ने छौं, ताकि सहभागी हुन चाहने बालबालिकाहरू सुरक्षित र प्रभावकारी रूपमा सहभागी हुन सकुन् ।

**7.7 उपयुक्त सहायता सुनिश्चित गर्ने**: प्रभावितको आवश्यकता पूरा गर्न सक्ने किसिमको, उपयुक्त, पहुँचयुक्त सहायता उपलब्ध छ भने मात्र हामी छलफल अगाडि बढाउने छौँ । यी सहायतामा चिकित्सा, मनोसामाजिक, सुरक्षासम्बन्धी र कानुनी सहायता समेत समावेश छन् । हामी प्रभावितसँग यी विकल्पहरूका बारेमा छलफल गर्ने छौँ र उनीहरूले यी विकल्पहरू रोजेमा हामी उनीहरूलाई सुरक्षित रूपमा प्रेषण गर्न मद्दत गर्ने छौँ । यदि तत्काल सम्बोधन गरिनुपर्ने आवश्यकताहरू छन् भने, हाम्रो काम सुरु हुनुअघि नै हामी तिनको पहुँच र सिफारिसलाई प्राथमिकता दिने छौँ । हामी सहायतामा आपतकालीन पहुँचको लागि स्पष्ट योजना बनाउने छौँ, ताकि यो सहायता प्रभावितसँगको हाम्रो अन्तरक्रिया अघि, अन्तरक्रियाको समयमा वा अन्तरक्रिया पछि पनि उपलब्ध हुन सकोस् ।

**7.8 गोपनीयताको सुरक्षा संरचना निर्माण गर्ने**: हामी प्रभावितका जानकारी, गोप्यता र सुरक्षाको संरक्षणका लागि गोपनीयतासम्बन्धी नियम, कार्यविधि र उपायहरू लागू गर्ने छौँ, जसमा कुनै पनि डिजिटल सञ्चार, सूचना व्यवस्थापन र भण्डारणको सुरक्षा सुनिश्चित गर्न विशेष उपायहरू अवलम्बन गर्ने लगायत पर्ने छन् ।

**7.9 निरन्तरता र स्थिरता**: लगातार एकै हिसाबले विश्वास र सहजता कायम राख्न, र कर्मचारी परिवर्तनबाट आउन सक्ने जोखिमहरू कम गर्न हामी एकै जना व्यक्तिले प्रभावितहरूसँग संचार गर्ने कुरा सुनिश्चित गर्न चाहन्छौँ । कार्यरत व्यक्ति वा सम्पर्क व्यक्ति परिवर्तन गर्न प्रभावितबाट कुनै अनुरोध आएमा हामी त्यसको बारेमा उनीहरूसँग छलफल गर्ने छौँ र उनीहरूको अनुरोधको सम्मान गर्ने छौँ ।

**7.10 पेसागत माध्यमिक आघातका जोखिमहरूको व्यवस्थापन गर्ने**: हाम्रो कामले हामी स्वयंमा, हाम्रो टोलीमा र अरूमा असर पार्न सक्ने हानिकारक प्रभावहरूलाई कम गर्न उपयुक्त उपायहरू अपनाइएका छन् भन्ने कुरा सुनिश्चित गर्ने छौँ । हामी आघात, अरूको आघातपूर्ण अनुभवले हामीमा ल्याउने माध्यमिक आघात, करुणा थकान र अत्याधिक थकानका संकेत र लक्षणहरूबारे आधारभूत तालिम सुनिश्चित गर्ने छौं, र संस्थागत र टोली सहायताका नियमहरू र सुरक्षित कार्यविधिहरू सुनिश्चित गर्ने छौं । टोली वा कार्यालय बाहिर काम गरिरहेको समयमा र लामो दूरीबाट काम गर्दा, काम गर्ने व्यक्तिलाई हुन सक्ने जोखिमहरू व्यवस्थापन गर्ने उपायहरू पनि हामी समावेश गर्ने छौँ ।

**कार्यान्वयनका सिद्धान्तहरू**

*हामीले जानकारी सङ्कलन गर्न सुरु गर्दा यी सिद्धान्तहरू प्रयोग गर्नुपर्छ । यद्यपि, यी सिद्धान्तहरूलाई अरू सबै सिद्धान्तहरूसँगै सामेल गर्नुपर्छ ।*

## सिद्धान्त 8. जानकारीहरू अन्य स्रोतबाट संकलन गर्नुहोस्

**8.1 प्रभावितबाट वा प्रभावितसम्बन्धी भन्दा अन्यत्रबाट SCRSV सम्बन्धी जानकारी खोज्ने:** SCRSV का लागि उपयोगी जानकारीहरू सधैँ प्रभावितबाट लिइने वा प्रभावितको बारेमा मात्र हुँदैनन् भन्ने कुरा हामीले बुझेका छौँ । हामी SCRSV को बारेमा जानकारीहरू विस्तृत स्रोतहरू (जस्तै तथ्याङ्क, विशेषज्ञ प्रतिवेदन वा विश्लेषण, र प्रभावितसम्बन्धी जानकारी) बाट सङ्कलन र प्रयोग गर्ने प्रयास गर्छौं किनभने यसरी सङ्कलन गरिएको जानकारीले प्रभावितलाई कम जोखिममा पार्छ, र प्रभावितले दिने जानकारीमा हुने अत्याधिक निर्भरतालाई कम गर्न सक्छ ।

**8.2 स्रोतको प्रतिनिधित्व गर्ने जानकारी:** हामी को हौं, हामी के खोज्छौं, र हामीले कसरी र कहाँ खोज्छौं भन्ने कुराले हामी पाउने जानकारीमा हानिकारक पूर्वाग्रहहरू र कमीकमजोरीहरू निम्त्याउन सक्छन् भन्ने कुरा हामीले बुझेका छौँ । सेन्सरशिप, असमानता, सामाजिक सीमान्तीकरण, असुरक्षा र प्राविधिक कारकहरू जस्ता जानकारी प्राप्त गर्नमा सीमितता ल्याउने कुराले पनि त्यस किसिमका पूर्वाग्रहहरू आउन सक्ने कुरा समेत हामीले बुझेका छौँ । हामी यी जोखिमहरू कम गर्ने प्रयास गर्ने छौँ ।

**8.3 अप्रत्यक्ष रूपमा लिइएका जानकारीमा रहने अधिकार तथा जोखिम पहिचान गर्ने:** सार्वजनिक पहुँच रहेका स्थान, अभिलेख वा अनलाइन (सार्वजनिक र गैर-सार्वजनिक सहित) स्रोतहरूबाट जानकारी पुन: प्राप्त गर्न सकिने भए तापनि, प्रभावितहरूबाट वा प्रभावितहरूको बारेमा अप्रत्यक्ष रूपमा सङ्कलन गरिएका जानकारीको प्राप्ति वा प्रयोगबाट गोप्यतासम्बन्धी, कानुनी र सुरक्षासम्बन्धी असरहरू पर्न सक्छन् भन्ने कुरालाई हामी स्वीकार गर्छौं । यो संहिता त्यस्ता जानकारीको सङ्कलन तथा प्रयोगमा पनि लागू हुन्छ भन्ने कुरा हामीले बुझेका छौँ ।

**8.4 प्रभावितको अपेक्षाको पुष्टि गर्ने:** हामी अप्रत्यक्ष स्रोतबाट SCRSV ले प्राप्त गरेका जानकारी (प्रभावितका तस्विरहरू र भिडियोहरू सहित) लाई पुष्टि गर्ने प्रयास गर्छौं, साथै हामी ती जानकारी कहाँ, कहिले र कसरी प्राप्त गरियो, र कसरी र कुन प्रयोगको लागि प्रभावितले कसरी सहमति प्रदान गरे, र ती जानकारीहरू प्रभावितले उपलब्ध गराएका समयमा तिनको पछि हुने प्रयोगबारे उनीहरूको मनसाय वा इच्छा के थियो जस्ता कुरा समेत पुष्टि गर्ने प्रयास गर्ने छौँ । यदि प्रभावितले आफ्ना जानकारी हाम्रो उद्देश्यको लागि प्रयोग गर्न दिने सहमति वा मनसायको पुष्टि हामीले गर्न सकेनौं भने, त्यससँग सम्बन्धित जोखिम र हानिहरूलाई हामीले उचित तरिकाले कम गर्न नसक्ने भएमा हामी त्यस्तो जानकारी प्रयोग वा आदानप्रदान गर्ने छैनौँ ।

**8.5 मानवीय सेवाहरूमा विश्वास कमजोर नबनाउने**: हामी प्रभावितको लागि सहायता र हेरचाहको प्रावधानको गोपनीयता र विश्वासको महत्त्वलाई सम्मान गर्ने छौं र प्रभावितले अरूसँग बाँड्न सहमति नदिएका जानकारी हामीलाई उपलब्ध गराउन त्यस्ता सहायता सेवाहरूलाई अनुरोध गर्ने वा दबाब दिने छैनौँ ।

## सिद्धान्त 9. समय लिनुहोस्, आवश्यक स्थान दिनुहोस्

**9.1 तयार रहने:** प्रभावितसँग काम गर्न हामी एकत्रित रूपमा ध्यान दिएर खुला दिमागले, आफ्ना कुनै अनुमान वा मूल्याङ्कन बिना सुन्न तयार हुन आवश्यक छ; हाम्रा प्रतिक्रियाहरूले अन्तरक्रियालाई असर नपारी र विश्वास निर्माण गर्न तयार रहेर र प्रभावितहरूलाई उनीहरूको अनुभव सुनाउने तरिकामा पूर्ण नियन्त्रण दिएर काम गर्नुपर्छ भन्ने हामीलाई थाहा छ । यदि हामी त्यो किसिमको मनस्थितिमा छैनौँ भने, हामी त्यस बेला अन्तर्वार्ता अघि बढाउने छैनौँ ।

**9.2 समयको दबाब कम गर्ने**: हामी स्वैच्छिक र सुसूचित निर्णय प्रक्रियालाई प्रोत्साहित गर्न समयको दबाब हटाउन प्रयास गर्ने छौँ, यसले प्रभावितलाई उनीहरूले चाहेकै तरिकाले आफ्नै गतिमा आफ्ना अनुभवहरू बताउन सक्षम बनाउँछ । हतारमा गरिएको अन्तरक्रिया जस्तै, लामो अन्तरक्रियाले पनि एक किसिमको दबाब सिर्जना गर्छ र प्रभावितका लागि, विशेष गरी बालबालिकाहरूलाई असहज बनाउन सक्छ भन्ने कुरा हामीले बुझेका छौँ । यदि प्रभावितले आफ्नो अधिकारको प्रयोग गर्नका लागि ख्याल गर्नुपर्ने कुनै तोकिएको समय सीमा छ भने हामी त्यसको बारेमा प्रभावितसँग छलफल गर्ने छौँ ।

**9.3 सहयोगी वातावरण सिर्जना गर्ने**: हामी व्यक्तिगत रूपमा गरिने तथा लामो दूरीबाट गरिने अन्तरक्रियाका लागि सहयोगी, भौतिक र मनोवैज्ञानिक रूपमा सुरक्षित वातावरण सिर्जना गर्ने छौं, जुन सबैको लागि पहुँचयुक्त हुनेछ र लैंगिकता, उमेर, अपाङ्गता, सामाजिक, सांस्कृतिक र परिस्थितिप्रति संवेदनशील रहने छ । प्रभावितका लागि विश्वासको वातावरण निर्माण, उनीहरूलाई आफ्ना अनुभव सम्झन र निर्णय लिनका लागि यो आधारभूत जग हुनेछ ।

**9.4 गोपनीयता सुनिश्चित गर्ने**: हामी प्रभावितसँग परामर्श गरी व्यक्तिगत रूपमा वा लामो दूरीबाट भेट्नको लागि एक गोप्य, होसियारीका साथ छनौट गरिएको, पहुँचयुक्त र सुरक्षित ठाउँको प्रबन्ध गर्ने छौं र अरूले निगरानी गर्न सक्ने, सुन्न वा हस्तक्षेप गर्न सक्ने जोखिमलाई कम गर्ने छौं (त्यस स्थानमा प्रवेश गर्दा वा बाहिरिँदा समेत) । हामी कुनै पनि छलफल सुरु हुनु अघि र पछि हुने प्रभावितसँगका सबै संचार तथा सम्पर्कहरूमा प्रभावितको गोपनीयताको अधिकारको सम्मान गर्छौं ।

**9.5 अन्तर्वार्तामा सामेल हुने व्यक्तिहरूमा ध्यान पुर्‍याउने:** हामी अन्तर्वार्ताको समयमा उपस्थित व्यक्तिहरूको संख्या कम गर्ने प्रयास गर्ने छौँ । हामी प्रभावितसँग अन्तर्वार्ता अघि नै अन्तर्वार्ताको क्रममा को को उपस्थित हुन् भन्ने चाहनुहुन्छ, हाम्रो टोलीबाट यी व्यक्तिहरू उपस्थित हुन सक्छन् भनेर छलफल गर्ने छौँ (यसो गर्दा उपस्थित हुन सक्ने व्यक्तिको भूमिका, लिङ्ग, उमेर र आबद्धताको जानकारी दिइने छ) । यदि सहयोगी व्यक्ति, अभिभावक वा कानुनी प्रतिनिधि सहभागी गराउँदा को को उपस्थित गराउने भन्ने कुरामा हामीले प्रभावितको छनौट कायम गर्न नसक्ने अवस्था आयो भने, हामी उनीहरूसँग यसका कारणको बारेमा छलफल गर्ने छौँ र उनीहरूले अन्तर्वार्ता सुरु गर्न चाहेनन् भने हामी उनीहरूको निर्णयको सम्मान गर्ने छौँ ।

**9.6 परिमाणमा भन्दा सुरक्षा र गुणस्तरमा ध्यान दिने**: हामी निश्चित संख्यामा अन्तर्वार्ताहरू सञ्चालन गर्नुपर्ने दबाबको आधारमा गुणस्तर, सुरक्षा वा सकुशलतामा सम्झौता गर्दैनौं ।

**9.7 ढिलो र आंशिक रुपमा दिइने जानकारीप्रति बुझाई:** प्रभावितको जानकारी दिने क्षमता र निर्णयलाई विश्वास, समय र पीडासमनले सहयोग गर्छ, र त्यसैले जानकारीहरू विभिन्न समयक्रममा, विभिन्न चरणमा र विभिन्न अन्तरक्रियाहरू मार्फत आउन सक्छन् भन्ने कुरा हामीले बुझेका छौँ र हामी त्यसको सम्मान गर्छौं । प्रभावितले दिने जानकारीहरू बीचको असमान विवरण स्वाभाविक रूपमा उनीहरूमा परेको आघात, सम्झने क्षमता, हिनताबोध, डर, दबाब, संस्कृति, सोधिएका प्रश्नहरू, व्याख्या र भनिएका कुराप्रति सुन्ने व्यक्तिको बुझाइबाट उत्पन्न हुन सक्छ भन्ने कुरा हामी स्वीकार गर्छौं । हामी त्यस्ता स्वाभाविक रूपमा उत्पन्न हुने विवरणका असमानतामा आधारित भएर सत्यताका बारेमा अनुमानहरू गर्दैनौं ।

## सिद्धान्त 10. सम्मानित तथा सुरक्षित अन्तरक्रियाहरू सुनिश्चित गर्नुहोस्

**10.1 अवस्थाको मूल्याङ्कन गर्ने र सचेत रहने:** अन्तरक्रियाको सुरुमा हामी सुरक्षा सरोकारहरू, गोप्यता, प्रभावितका आवश्यकताहरू र सकुशलता, हाम्रो संचारमा रहेका कमी कमजोरी, र जानकारी दिन प्रभावितलाई आएका कुनै पनि किसिमका दबाबको पुन: मूल्याङ्कन गर्ने छौं । हामी पूरा समयावधिभर यी समस्याहरूको निगरानी गर्ने छौँ । हामीले प्रभावितलाई पूरा बुझेपछि र प्रभावितले हामीलाई पूरा बुझेपछि मात्र अन्तरक्रिया अघि बढाउने छौँ । यसका लागि, अन्तरक्रियामा हामीले प्रयोग गर्ने दोभाषे प्रभावितको भाषामा र हाम्रो भाषामा उत्ति नै दक्ष हुनुपर्ने कुरा सुनिश्चित गर्ने लगायतका कार्य पर्छन्।

**10.2 आघातप्रति संवेदनशील बन्ने**: हामी आघात र पीडाका लक्षणहरू पहिचान गर्न र निगरानी गर्न सक्षम हुने छौं, र अन्तरक्रियाका कारण हुन सक्ने आघातपूर्ण असरहरूको न्यूनीकरण र उपयुक्त प्रतिक्रिया कहिले र कसरी गर्ने भन्ने हामीलाई थाहा छ । प्रभावितले सम्झेर दिइरहेका जानकारी र छलफल भइरहेका घटनाहरूको क्रम र गतिलाई आघातले असर गर्न सक्छ भन्ने हामीले बुझेका छौँ ।

**10.3 व्यक्तिगत स्थानको सम्मान गर्ने**: हामी प्रभावितको भौतिक स्थानमा हस्तक्षेप नगर्न सचेत रहने छौँ ।

**10.4 सुरक्षित अन्तर्वार्ता प्रक्रिया बनाउने**: हामी अन्तर्वार्तामा सुरक्षित, संवेदनशील प्रक्रिया तथा संरचनाको प्रयोग हुने कुरा सुनिश्चित गर्ने छौँ । SCRSV सम्बन्धी कुनै पनि प्रश्नहरू विस्तृत अन्तर्वार्ता प्रक्रिया अनुसार सुरक्षित रूपमा सोधिने कुरा हामी सुनिश्चित गर्ने छौँ । हामी अन्तर्वार्ता सुरक्षित रूपमा होसियारीका साथ समापन गर्न समय दिने छौँ र प्रभावितलाई उनीहरूले दिएको समय र आफ्ना अनुभव सुनाउन देखाएको साहसका लागि धन्यवाद दिने छौँ । अन्तर्वार्ता पछि के हुन्छ, उनीहरूका लागि के कस्ता सहायता उपलब्ध छन् र थप जानकारीका लागि पछि गर्न सकिने सम्पर्क जस्ता कुराबारे हामी प्रभावितसँग छलफल गर्ने छौँ ।

**10.5 प्रभावितलाई बिना हस्तक्षेप आफ्नो बारेमा आफ्नै तरिकाले बताउन दिने:** प्रभावितले आफ्नो बारेमा कसरी बताउने भन्ने तरिकामा उनको आफ्नै नियन्त्रण हुनुको महत्त्वलाई हामी सम्मान गर्छौं । हामी प्रभावितले आफ्नो बारेमा आफ्नै तरिकाले, आफ्नै गतिमा के भएको हो भनेर बताउन सकून् भन्नाका लागि उनलाई आवश्यक पर्ने स्थान बनाइदिन्छौं र सक्रिय भएर उनीहरूका कुरा सुन्छौं । हामी हाम्रा प्रश्नहरूको गति र सोध्ने तरिकालाई लचिलो बनाउने छौँ । हामी प्रभावितलाई कुनै पनि हतार लगाउने छैनौँ, यसो गर्नाले प्रभावितलाई क्षति हुने र फेरि आघात पुग्ने अवस्था आउन सक्छ र संकलन गरिने जानकारीहरू अविश्वसनीय र गलत हुन सक्छन् ।

**10.6 खुला उत्तर आउने किसिमका प्रश्नहरू सोध्ने**: हामी (अन्तर्वार्ता लिने तथा विश्लेषण गर्ने हैसियतमा) खुला उत्तर आउने किसिमका प्रश्नहरू सोध्ने छौँ। बन्द अर्थात् हो वा होइनमा उत्तर आउने प्रश्नहरू सोध्दा प्रभावितमा नकारात्मक असर पर्न सक्ने र त्यसरी संकलन गरिने जानकारीहरूको विवरण र सत्यतामा असर पर्न सक्ने कुरा हामीले बुझेका छौँ। हामी त्यस्ता प्रश्नहरू अपवादका परिस्थितिहरूमा मात्र सोध्ने छौँ।

**10.7 SCRSV को परिवेश बुझ्ने :** अन्य हिंसा तथा उल्लंघन र क्षतिहरूबाट अलग रूपमा SCRSV मात्र एकल घटनाको रूपमा घटेको हुँदैन भन्ने कुरा हामीले बुझेका छौँ। यदि प्रभावितले आफूले भोगेका वा देखेका अन्य हिंसा र क्षतिहरूका बारेमा भन्न चाहन्छन् भने हामी तिनलाई पनि सम्मानका साथ ध्यान दिएर सुन्ने छौँ।

**10.8 आवश्यक नभएका कुराहरू नसोध्ने:** हामीलाई आफ्नो उद्देश्य हासिल गर्न अनिवार्य रूपमा आवश्यक परेको खण्डमा बाहेक अन्य अवस्थामा हामी यौनजन्य हिंसाबारे विस्तृत रूपमा, संवेदनशील विषयमा वा पूरा विवरण सोध्ने छैनौँ। हामीलाई त्यस्तो जानकारी आवश्यक परेमा, हामी यो जानकारी किन आवश्यक छ भनेर प्रभावितलाई बताउने छौँ र उनले उत्तर दिने वा नदिने जुनसुकै निर्णय लिए पनि हामी त्यसको सम्मान गर्ने छौँ। हामी प्रभावितको प्रतिनिधित्व गर्दा वा प्रभावितका अनुभव रिपोर्टिङ गर्दा त्यस्ता विवरणमा लामो समय केन्द्रित रहने वा तिनलाई सनसनीपूर्ण बनाउने काम समेत गर्ने छैनौँ।

---

[i]**यो संहिताको प्रयोजनका लागि परिभाषित गरिएका मुख्य अवधारणाहरू**

***"प्रभावित" र/वा "पीडित":*** यो संहिताले 'प्रभावित' भन्ने शब्द प्रयोग गरेको छ, किनभने यसलाई सशक्तिकरण गर्ने किसिमको शब्द मानिन्छ। 'पीडित' तथा "प्रभावित" ले विभिन्न परिस्थिति तथा विभिन्न भाषामा बेग्ला बेग्लै अर्थ दिन सक्छन्, तर हिंसा अनुभव गरेका व्यक्तिहरूले यीमध्ये कुनै एक शब्द प्रयोग गर्न सक्छन् वा यीमध्ये कुनै पनि शब्द प्रयोग नगर्न सक्छन्। प्रभावितहरूको नजिक रहेर काम गर्ने व्यक्तिहरूले उनीहरूले चिनिन चाहेको पहिचानको सम्मान गरी त्यसअनुसार व्यवहार गर्नु पर्छ। केही पीडितहरू हिंसाबाट बच्न सकेका हुँदैनन् भन्ने कुरा ख्याल गर्नु पनि महत्त्वपूर्ण हुन्छ। यो संहिताले प्रभावितहरूका समस्या समाधान गर्ने लक्ष्य लिएको छ, यद्यपि यस संहिताका विभिन्न पक्षहरू हिंसाबाट बच्न नसकेका पीडितहरूका गोपनीयता तथा अधिकार संरक्षण गर्न पनि उत्तिकै लागू हुन्छन्।

[ii] ***प्रणालीगत तथा द्वन्द्वकालीन यौनजन्य हिंसा (SCRSV)***: यो एउटा गहन र फराकिलो शब्द हो। SCRSV मा बलात्कार, यौन दासत्व, जबरजस्ती यौन पेशामा लगाउने कार्य, जबरजस्ती गर्भवती बनाउने कार्य, गर्भपतन, जबरजस्ती नशबन्दी गराउने कार्य, जबरजस्ती विवाह, यौन हिंसा र/वा शोषणको लागि मानव तस्करी, र प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सशस्त्र द्वन्द्वसँग सम्बन्धित गम्भीर प्रकृतिका यौन हिंसाका सबै स्वरूपहरू पर्छन्। यसमा युद्धविराम वा सङ्क्रमणकालमा भएका प्रणालीगत, दमनकारी, सङ्गठित, वा राजनैतिक हिंसासँग सम्बन्धित कार्यहरू र आतङ्क मच्चाउन वा समुदायहरूको विनाश गर्न प्रयोग भएका त्यस प्रकृतिका हिंसाका घटनाहरू समेत पर्छन्। SCRSV मा अन्तर्राष्ट्रिय नरसंहारका घटना, मानवताविरोधी अपराधहरू वा युद्ध अपराधहरूमा हुने यौन हिंसा र थप अन्य हिंसाहरू समेत पर्छन्।

[iii] बाल अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धि 1989 मा परिभाषित गरिए अनुसार।

[iv] ***लैंगिकता:*** यो संहितामा 'लैंगिकता' भन्नाले अन्तर्राष्ट्रिय फौजदारी अदालतको रोम कानुन धारा 7 (3) अनुसारः सामाजिक परिवेश भित्रका दुई लिङ्गहरू, पुरुष र महिलालाई जनाउँछ। यो परिभाषाले लैंगिकता सामाजिक रूपमा निर्मित कुरा भएको र यसले पुरुष तथा महिलाका, केटा तथा केटीका भूमिकाहरू, व्यवहारहरू, क्रियाकलापहरू, र उनीहरूमा हुने गुणहरू तोकिएको कुरा स्वीकार गरेको छ। लैंगिकताका हानिकारक परिभाषाहरूले महिला तथा केटीहरूलाई असमान रूपमा असर पारेका छन्। यद्यपि, लैंगिकताका हानिकारक परिभाषाहरूले महिला-पुरुष दुवैभित्र नपर्ने, लिङ्ग यकिन नभएका व्यक्तिहरू, विविधतापूर्ण यौन झुकाव, लैङ्गिक पहिचान, लैङ्गिक अभिव्यक्ति, लैङ्गिक गुणहरू भएका व्यक्तिहरू साथै पुरुष तथा केटाहरूलाई समेत असर पुर्याएका छन्।

[v] ***LGBTQI+*** (समलिङ्गी महिला, समलिङ्गी पुरुष, उभयलिङ्गी, लैंगिक पहिचान स्पष्ट नभएका वा/र लिङ्ग नछुट्टिएका, अन्तरलिङ्गी तथा अन्य अपरिभाषित लैङ्गिक पहिचान भएका वा यौनिक झुकाव भएका) भन्ने संक्षिप्त रूपले विविध प्रकारका व्यक्तिहरूलाई समेटेको भएपनि यो पनि पूर्ण छैन, र यो विश्वव्यापी रूपमा मापदण्ड मानिएको संक्षिप्त रूप पनि होइन।

[vi] मान्छेहरू जटिल तथा गतिशील प्राणी हुन्, जसमा धेरै, मिश्रित, र बदलिइरहने गुण, विशेषता तथा पहिचानहरू हुन्छन् । उनीहरूले प्रायः एकभन्दा बढी किसिमका विभेदहरू भोगेका हुन्छन्, उनीहरूलाई द्वन्द्व, विस्थापन, गरिबी, महामारी तथा रोगहरू जस्ता परिस्थितिजन्य कुराहरूले असर गरेका हुन्छन् र परिणामस्वरूप वा अन्य कारणले उनीहरूले सुरक्षासम्बन्धी, स्वास्थ्यसम्बन्धी, कानुनी तथा अन्य जोखिमहरू भोगेका हुन्छन् । यी पक्षहरूलाई बुझ्न सकियो भने प्रभावित, उनले भोगेका हिंसा, जोखिम, चुनौती तथा उनले सामना गर्ने अवरोधहरू, उनका अधिकार र चाहनाहरू, उनीहरूलाई सहायता गर्न आवश्यक कुराहरू अझ राम्ररी बुझ्न सकिन्छ, र यसले हामीलाई हाम्रा योजना तथा तरिकाहरू उपयुक्त ढङ्गले तयार गर्न मद्दत गर्छ ।

यस्ता विशेषता, गुण तथा पहिचानहरू तथा पीडित/प्रभावितले सामना गर्न सक्ने सम्बन्धित विभेदका स्वरूपहरू निम्न अनुसार हुन सक्छन्ः उमेर (परिपक्वताको स्तर, विकास हुन सक्ने क्षमता); लिङ्ग तथा लैङ्गिकता (लैङ्गिक पहिचान तथा अभिव्यक्ति समेत (उभयलिङ्गी, महिला-पुरुष दुवैभित्र नपर्ने, तथा लैंगिकता यकिन नभएका), यौनिक झुकाव, यौनिक विशेषता (अन्तरलिङ्गी समेत)); वर्ण; धर्म; जन्मेको देश; हुर्केको समाज; जातीयता (आदिवासी समुदाय, संस्कृति तथा परम्परा समेत); अपाङ्गता; पारिवारिक स्थिति; जन्मको अवस्था; आर्थिक-सामाजिक वर्ग, जात वा हैसियत; स्वास्थ्यको स्थिति वा अवस्था; नागरिकता, शरणार्थी, आप्रवासी वा बसोबासको अन्य अवस्था; शिक्षा तथा साक्षरता; कानुनी हैसियत; र राजनैतिक आस्था, विचार वा आबद्धता । यो प्रभावितका सम्पूर्ण स्थिति सामेल भएको पूर्ण सूची भने होइन। प्रभावितहरूले प्रायः बहु-आयामिक र जटिल किसिमका विभेदहरू भोगेका हुन्छन् । जब विभिन्न किसिमका विभेद तथा असमानताहरू एकै साथ आउँछन्, तिनलाई "प्रतिच्छेदन भएका पक्षहरू" भन्ने पदावलीले जनाइन्छ ।

[vii] ***उपयुक्त अनुकूलता*** भन्नाले "अपाङ्गता भएका व्यक्तिहरूलाई अन्य व्यक्तिहरू सरह समान आधारमा सम्पूर्ण मानव अधिकार तथा आधारभूत स्वतन्त्रताहरूको उपभोग वा प्रयोगको सुनिश्चितताका लागि कुनै निश्चित अवस्थामा आवश्यक भएकामा असमानुपातिक वा अनुचित भार नपारी प्रदान गरिने आवश्यक र उपयुक्त सुधार वा अनुकुलता सम्झनु पर्छ ।" (धारा 2, अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी महासन्धि, सन् २००६) ।

[viii] बालबालिकाका अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय महासन्धिमा उल्लेखित ***चार निर्देशक सिद्धान्तहरू***

- **भेदभाव नगर्ने** (धारा 2): "हामीले हाम्रो कामको क्रममा बालबालिकालाई कुनै पनि किसिमका भेदभाव हुन नदिने कुरा सुनिश्चित गर्नु पर्छ । प्रत्येक बालबालिकालाई निजको वा निजका बाबुआमाको वा कानूनी संरक्षकको जाति, वर्ण, लिंग, भाषा, धर्म, राजनीतिक वा अन्य विचार, राष्ट्रिय, जातीय वा सामाजिक उत्पत्ति, सम्पत्ति, अशक्तता, जन्म वा अन्य हैसियत जेसुकै भएपनि कुनै पनि किसिमको भेदभाव नगरी काम गर्नुपर्छ ।"
- **बालबालिकाको उच्चतम हितको ख्याल गर्ने** (धारा ३): "हामी बालबालिकालाई प्रभाव पार्ने सबै कार्य तथा निर्णय गर्दा बालबालिकाको उच्चतम हितको पहिला ख्याल राखिने कुराको सुनिश्चितता गर्ने छौँ ।" बालबालिकाको उच्चतम हित र अन्य कुराहरूको बीचमा सन्तुलन मिलाउन दुई-चरणको विधि आवश्यक हुन्छ ।
- **बाँच्न र विकास हुन पाउने अधिकार** (धारा ६): "हामी बालबालिकासँग काम गर्दा बालबालिकाको भौतिक, मानसिक, आध्यात्मिक, नैतिक र सामाजिक रूपमा अनुकूल हिसाबले विकास हुने अधिकारलाई कुनै असर पुग्न नदिने कुराको सुनिश्चितता गर्ने छौँ । हामी उपयुक्त जोखिम मूल्याङ्कनहरू सञ्चालन गर्ने छौँ र बालबालिकाको बाँच्न र विकास हुन पाउने अधिकारमा हुने सबै जोखिम कम गर्न उपयुक्त प्रतिकार्य तथा सहायता उपलब्ध गराउने छौँ ।"
- **आफ्नो धारणा राख्न पाउने र त्यो धारणाको सुनुवाइ हुने अधिकार** (धारा १२): "हामीले आफ्नो धारणा विकास भइसकेका बालबालिकाले आफूलाई प्रभाव पार्ने सबै कुरामा स्वतन्त्र रूपमा आफ्ना कुराहरू राख्न पाउने अधिकार राख्छन् भन्ने कुरा बुझेका छौँ । हामी यो प्रक्रियालाई सकेसम्म सहभागितामूलक बनाउन र बालबालिकाको उमेर र परिपक्वताको आधारमा उनीहरूले व्यक्त गरेका धारणाहरूलाई उचित मूल्याङ्कन गर्न प्रयास गर्ने छौँ । हामीले बालबालिकाको सहभागिताको अधिकारमा बालमैत्री किसिमले र उनीहरूको विकास प्रक्रियालाई ख्यालमा राखेर दिइने जानकारी प्राप्त गर्न पाउने अधिकार समेत सामेल हुने कुरा बुझेका छौँ ।"